# पोखरा विश्वविद्यालय सेवा आयोगको सूचना

(शैक्षिक पदहरुको लागि दरखास्त आव्हान)

## विज्ञापन नं.१/२०७१/०७२ खुल्ला प्रतियोगिता

पोखरा विश्वविद्यालयमा रिक्त रहेको देहायका शैक्षिकपदहरुमा खुल्ला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट ***मिति २०७१ भाद्र १५ गते दिनको ३.०० बजे*** भित्र पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय रातोपुल गौशाला, काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय, लेखनाथ नगरपालिका-१२, ढुङ्गेपाटन, कास्कीमा आईपुग्ने गरि दरखास्त आव्हान गरिन्छ । दरखास्त पोखरा विश्वविद्यालय सेवा आयागको कार्यालय, काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय, कास्कीबाट रु २००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका फाराम उपर कुनै कारवाही हुने छैन । आवेदन फारामका साथ परीक्षा दस्तुर नविल बैक लिमिटेडमा रहेको चल्ती ***खाता नं.१२१००१७५००८७०*** मा रकम जम्मा गरेको सक्कल बैक भौचर र निम्नलिखित कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

१. शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धाङ्कपत्रहरु । २. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।

३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति । ४. अनुभव र तालिमको प्रमाणपत्र ।

५. व्यक्तिगत विवरण (वायो डाटा) ६ प्रति । ६. काम गरेको भए स्थायी, अस्थायी, करार नियुक्तीका प्रमाणित प्रतिलिपी

७. प्रकाशित अनुसन्धानात्मक कृति र प्रकाशनहरु १/१ प्रति उम्मेदवारले आवेदन फाराम साथ सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

८. पोखरा विश्वविद्यालय वा अन्य निकायहरुमा काम गरिरहेको भए विभागिय स्वीकृति पत्रको सक्कल प्रति ।

९. माथी उल्लेखित सि.नं. १ देखि ८ सम्मका कागजातहरु उम्मेदवारले आवेदन फाराम बुझउँदा नै बुझाउनु पर्नेछ । कुनै कागज पत्र नपुग भएमा आवेदन फाराम उपर कुनै कारवाही हुने छैन ।

१०. स्थायी वेतन क्रम पोखरा विश्वविद्यालयको प्रचलित स्केल बमोजिम हुनेछ ।

सम्पर्क स्थान र मितिः पोखरा विश्वविद्यालय सेवा आयागको कार्यालय ज्ञानेश्वर काठमाण्डौ र पोखरा विश्वविद्यालयको केन्द्रिय कार्यालय, लेखनाथ नगरपालिका-१२ ढुङ्गेपाटन, कास्कीमा, मिति २०७१ भाद्र २५ गते

| क्र.स | पद | विषय | रिक्त संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| १ | प्राध्यापक | डेभलमेण्ट प्लानिङ्ग/ह्युमेन सेटलमेण्टस् डेभलमेण्ट | १ (एक) | १९००/- |
| २ | प्राध्यापक | जनस्वास्थ्य | १ (एक) | १९००/- |
| ३ | प्राध्यापक | वायोकेमेष्ट्री | १ (एक) | १९००/- |
| ४ | प्राध्यापक | एनाटोमी/फिजियोलोजी | १ (एक) | १९००/- |
| ५ | प्राध्यापक | प्याथोलोजी/हेमाटोलोजी | १ (एक) | १९००/- |
| ६ | प्राध्यापक | व्यवस्थापन | १ (एक) | १९००/- |
| ७ | प्राध्यापक | नर्सिङ्ग | १ (एक) | १९००/- |
| ८ | प्राध्यापक | इलेक्ट्रिकल | १ (एक) | १९००/- |
| ९ | प्राध्यापक | सिभिल | १ (एक) | १९००/- |
| १० | सह-प्राध्यापक | फार्मेसी | १ (एक) | १९००/- |
| ११ | सह-प्राध्यापक | जनस्वास्थ्य | १ (एक) | १९००/- |
| १२ | सह-प्राध्यापक | नर्सिङ्ग | १ (एक) | १९००/- |
| १३ | सह-प्राध्यापक | इलेक्ट्रिकल | १ (एक | १९००/- |
| १४ | सह-प्राध्यापक | इलेक्ट्रोनिक्स | १(एक) | १९००/- |
| १५ | सह-प्राध्यापक | सिभिल | १ (एक) | १९००/- |
| १६ | सह-प्राध्यापक | जेण्डर | १ (एक | १९००/- |

**पुनश्चः**(१)व्यवसायीक परिषदमा दर्ता गराउनु पर्ने विषयहरुको लागि अनिवार्य रुपमा सम्वन्धित व्यवसायिक परिषद्मा दर्ता हुनु पर्नेछ । सम्बन्धित व्यवसायिक परिषदमा नाम रजिष्ट्रेशन(दर्ता) भएका आवेदकले सो संस्थावाट प्राप्त रजिष्ट्रेशन नम्बर उल्लेख भएको प्रमाणपत्र आवेदन फाराम साथै पेश गर्नुपर्नेछ ।

(२) छनौट सम्वन्धी आधार र न्यूनतम योग्यता सम्वन्धि विस्तृत विवरण पोखरा विश्वविद्यालयक **Website:-www.pu.edu.np** मा हेर्न सकिनेछ । साथै यो विवरण सेवा आयोगको कार्यालय काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका -१२ खुँदी, ढुङ्गेपाटनको सूचना पाटीमा टाँस गरिएको छ ।

## प्राध्यापक पदमा उम्मेदवार हुनका लागि आवश्यक न्यूनतम योग्यता

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १० बर्षको अध्यापन वा १० बषको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १२ बर्षको अध्यापन वा १२ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १३ बर्षको अध्यापन वा १३ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १५ बर्षको अध्यापन वा १५ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १४ बर्ष काम गरेको अनुभव वा सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र सम्वन्धित क्षेत्रमा कम्तिमा १८ बर्ष काम गरेको अनुभव ।

अथवा

सम्बन्धित ज्ञानको क्षेत्रमा महत्वपुण योगदान पु-याएको मान्य असाधारण ख्याति प्राप्त विद्वान (An outstanding scholar with established reputation who has contributed sigifcantly in the field of knowledge) outstanding scholarको लागि निम्नअनुसारको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :–

The person should be internationally recognizable by the following deeds:

1. He/ she must be a Ph.D. from a reputed university.
2. He/ she must have at least 5years of teaching / research experience.
3. He/she must have served as a Professor/ Visiting Professor or Scientist / Visiting scientist in a reputed foreign university for at least two years.

Or

He / she must have authored or co-authored at least 10 research papers in refereed journals.

<u>सिफारिस सम्वन्धि मापदण्ड:</u>

माथि उल्लेखित योग्यताको मापदण्ड तथा सिफारिस समवन्धि प्रक्रियामा निर्धारित पूर्णाङ्कको ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवार सिफारिसका लागि योग्य हुने छैनन् ।

## सह-प्राध्यापक पदमा उम्मेदवार हुनका लागि अवश्यक न्यूनतम योग्यता

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा ८ बर्षको अध्यापन वा ८ बषको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १० बर्षको अध्यापन वा १० बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा ११ बर्षको अध्यापन वा ११ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण तथा विश्वविद्यालयबाट मान्यता प्राप्त महाविद्यालय/कलेज/क्याम्पसमा कम्तिमा १३ बर्षको अध्यापन वा १३ बर्षको अनुसन्धान अनुभव ।

अथवा

सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र पि.एच.डी. तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १२ बर्ष काम गरेको अनुभव वा सम्बन्धित विषयमा स्नाकतकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण र सम्वन्धित क्षेत्रमा कम्तिमा १४ बर्ष काम गरेको अनुभव

***द्रष्टव्य:*** पोखरा विश्वविद्यालयको विज्ञान प्रविधि संङ्काय अन्तर्गत मेडिकल ल्याव टेक्नोलोजी, पव्लिक हेल्थ,फार्मेसी र ईञ्जिनियरिङ्ग तर्फका सवै विषयको कार्यक्रम तर्फ प्रध्यापक ,सह-प्रध्यापक, उप-प्राध्यापक पदका लागि आवश्यक थप योग्यता तपसिल बमोजिम निर्धारण गरिएको छ । सम्बन्धित व्यवसायिक परिषदमा नाम रजिष्ट्रेशन(दर्ता) भएको हुनुपर्नेछ र प्राप्त रजिष्ट्रेशन नम्बर उल्लेख भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।